# मानव अधिकार स्थितिसूचक

गण्डकी प्रदेश

वर्ष ७, अङ्क १

२०७५ मङ्सिर




## गण्डकी प्रदेशको जनवरी २०१८ देखि हालसम्मको मानव अधिकारको अवस्था

जनवरी २०१८ देखि हालसम्म इन्सेक पोखरा कार्यालयले गण्डकी प्रदेश अर्न्तगत भएका मानव अधिकार हनन तथा ज्यादती सम्बन्धी ५ सय ३६ ओटा घटना अभिलेख गर्‍यो । जस अर्न्तगत राज्य पक्षबाट भएका घटनामा ७२ जना र गैरराज्य पक्षबाट भएका घटनामा ५ सय ४० जना गरी कुल ६ सय १२ व्यक्ति पीडित भए । जनवरी २०१८ देखि हालसम्म राज्य पक्षबाट भएका ४ जना महिला तथा ३४ जना पुरूष गरी ३८ जना व्यक्ति गिरफ्तार भए । गण्डकी प्रदेशमा जनवरीदेखि हालसम्म राज्य पक्षबाट भएका कुटपिटका घटनामा सातजना महिला र २७ जना पुरूष गरी ३४ जना व्यक्ति पीडित भए । राज्य पक्षबाट भएका गिरफ्तारका घटनामा पीडित हुनेमा अधिकांश नेपाल विद्यार्थी संघ तथा नयाँशक्ति नेपाल तथा नेपाल कम्युनिष्ट पार्टी आबद्ध विद्यार्थी र कार्यकर्ता रहेका छन् । यस बाहेक पोखरा स्थित मणिपाल शिक्षण अस्पतालमा प्रर्दशनका क्रममा कर्मचारी तथा पुर्नवहालीको माग गर्दै पोखरामा आन्दोलनरत् महिला सामाजिक परिचालक प्रहरीबाट भएको लाठीचार्जका क्रममा घाईते भएका थिए ।

यस अवधिमा भएका घटनालाई हेर्दा गैरराज्य पक्षबाट भएका विभिन्न घटनामा पीडित हुनेमा अधिकांश महिला रहेका छन् । यस अवधिमा गैरराज्य पक्षबाट भएका घटनालाई केलाउने हो भने गैरराज्य पक्षबाट भएका बालअधिकार सम्बन्धी घटनामा १ सय १० जना बालिका र १० जना बालक गरी १ सय २० जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जस मध्ये बालविवाहका घटनामा दुईजना बालिका, बेचबिखनका घटनामा दुईजना बालिका, विद्यालयमा भएको सजायका घटनामा तीनजना बालिका र आठजना बालक सहित ११ जना पीडित भएभने दुई नवजात शिशुको हत्या भयो । यस अवधिमा ६५ जना बालिका बलात्कारका घटनामा पीडित भए भने ३७ जना बालिका र एक बालक यौन दुर्व्यवहारका घटनामा पीडित भए ।

यस्तै महिला अधिकार अर्न्तगत यस अवधिमा घरेलु हिंसा अर्न्तगत २ सय ८०, कथित बोक्सीको आरोप अर्न्तगत

६, बहुविवाह अर्न्तगत २९, बलात्कार अर्न्तगत ४० बलात्कार प्रयास अर्न्तगत १५, यौन दुर्व्यवहार अर्न्तगत एक र महिला बेचबिखन अर्न्तगतका घटनामा दुईजना गरी ३ सय ७३ जना महिला गैरराज्य पक्षबाट पीडित भए । यस अवधिमा गैरराज्य पक्षबाट भएका बलात्कारका घटनामा १ सय ५ जना महिला र बालिका तथा बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटनामा ५३ जना महिला र बालिका गरी १ सय ५८ जना महिला तथा बालिका यौनजन्य हिंसाका घटनामा पीडित भएको इन्सेक पोखराले अभिलेख गर्‍यो । २०७५ असोज ९ गते पोखरा मनपा-२२ पुम्दीभुम्दीकी १० वर्षीया बालिका श्रेया बिक (सुनार) को बलात्कारपछि हत्या भएको घटना पनि यस अवधिमा अभिलेख भयो ।

यस अवधिमा गैरराज्य पक्षबाट भएका कुटपिटका घटनामा पाँच महिला र १६ पुरूष पीडित भए भने १० जना महिला र चार पुरूषको गैरराज्यका तर्फबाट हत्या भयो । अधिकांश महिला हत्याका घटनामा परिवारबाट भयो । जातीय विभेद अर्न्तगत गत जनवरीदेखि हालसम्म तीनजना महिला कुटपिट तथा विभेदका घटनामा पीडित भए । यस्तै ६ जना पत्रकार समाचार संकलनका क्रममा विभिन्नबाट भएको धम्की तथा दुर्व्यवहारका घटनामा पीडित भए । २०७५ फागुन ८ गते अज्ञात पक्षबाट भएको बम विष्फोटमा परी पोखरामा एकजना पत्रकार र ड्युटिमा खटिएका प्रहरी घाईते भए भने २०७५ असोज ८ गते नवलपरासी बर्दघाट सुस्ता पुर्वमा एक महिला एसिड आक्रमणको घटनामा परी घाईते भईन् । यस अवधिमा अज्ञात पक्षबाट ६ ओटा निजी सवारी साधनमा आगजनी तथा तोडफोडको घटना भयो ।

गण्डकी प्रदेशमा रहेका ११ जिल्लामा नागरिक नि:शुल्क उपलब्ध हुने औषधी सेवाबाट बञ्चित भए । बिरामीको तुलनामा चिकित्सक तथा अस्पतालमा शैयाको अभाव हुनु, बर्थिङ सेन्टरहरूमा उपकरणको अभाव देखिनु, बालरोग तथा स्त्रीरोग विशेषज्ञ अधिकांश जिल्लामा नहुनु

**घटनाका प्रकारअनुसार पीडित सङ्ख्या (जनवरी २०१८ देखि हालसम्मको अवस्था)**



यस प्रदेशमा भएका स्वास्थ सम्बन्धीत समस्या हुन् । छिटो छरितो सेवा नदिँदा सरकारी अस्पताल र स्वास्थ चौकी अझै नागरिकको पहिलो रोजाई बन्न सकेको छैन । विभिन्न समयमा चिकित्सक तथा कर्मचारीको हड्तालका कारण बिरामीहरूको स्वास्थ अधिकार उपभोगको अवस्था प्रतिकुल बन्यो । समयमै पुस्तक विद्यार्थीको हातमा नपुग्नु, सरकारी विद्यालयमा शिक्षक दरबन्दी विद्यार्थीको तुलनामा न्यून रहनु, निजी विद्यालयले विद्यार्थी भर्ना तथा मासिक शुल्कको नाममा चर्को शुल्क उठाउनु, दलित तथा पछाडी परेका वर्ग र समुदायका बालबालिका अझै विद्यालय बाहिर हुनु, लक्षित वर्गमाझ छात्रवृत्ती नपुग्नु, भर्ना भएका विद्यार्थीले समेत अध्ययनलाई निरन्तरता दिन नसक्नु जस्ता पक्ष शिक्षा क्षेत्रका समस्याको रूपमा रहेको देहिन्छ ।

गोरखा जिल्लाका सिर्दिवास सहित ल्हो, विही, प्रोक, छेकम्पार, चुम्चेत र सामागाउँ लगायतका स्थानमा खाद्यान्न समयमा ढुवानी नहुँदा समस्या भयो । हिमाली जिल्ला मुस्ताङमा घुमफिर तथा तिर्थाटनका लागि ठुलो संख्यामा आन्तरिक तथा बाह्य पर्यटक पुगेपनि यातायात तथा बसोबासको पर्याप्त प्रबन्ध नभएकोले समस्या हुने गरेको इन्सेकको अनुगमनका क्रममा देखियो । यसका साथै सिमित उडान हुने सो जिल्लामा हवाई टिकट सेवा महंगो मुल्यमा प्राय: पर्यटकले मात्रै लिने गरेका कारण स्थानीयबासी हवाई सेवा उपभोग गर्नबाट प्रभावित भएको गुनासो रहेको पाईयो । भुकम्पको केन्द्रबिन्दु गोरखा जिल्लामा रहेका भूमिहीन भुकम्प पीडितहरूले जग्गा खरिद गर्न नसक्दा सरकारबाट राहत रकम पाएपनि घर बनाउन नसकेको अनुगमनका क्रममा पाईयो । ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिले यातायातमा पाउनुपर्ने छुट सुविधा यस अवधिमा उपभोग भएको देखिएन । यस प्रदेश अर्न्तगत रहेका सडक बालबालिका, मनोरञ्जन क्षेत्रमा रहेका किशोरी तथा महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यक भएका व्यक्तिको अधिकार यस अवधिमा समेत कुण्ठित भएको देखियो । बैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारमा घरेलु हिंसा तथा आत्महत्या, परिवार विखण्डन जस्ता समस्या यस अवधिमा बढ्दै गएको अनुगमनका क्रममा देखिएको छ । विस्तृत शान्ति सम्झौता भएको लामो समयसम्म पनि सरकारबाट द्वन्द्वपीडित व्यक्ति तथा परिवारको बारेमा सम्बोधन नभएकोमा द्वन्द्वपीडित परिवारमा निरासा बढ्दै गएको पाईएको छ ।

देश संघीय संरचनामा गएपछि नागरिकको स्थानीय तह प्रति सुशासन र जवाफदेहिताको अपेक्षा बढि देखिएको छ । यद्यपी यो अवधिमा केही सुधारोन्मुख कार्य भएपनि अधिकांश स्थानीय निकायले गरेका सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम प्रभावकारी भएको देखिएन । अझै पनि सेवा प्रदायक निकायमा नागरिक वडापत्र, सुचना पाटी, उजुरी पेटिकाको सहि रूपमा कार्यान्वयन भएको पाइँदैन । बजार अनुगमन नहुँदा अधिकांश ग्रामीण भेगका जनता र यात्रीहरू राजमार्ग छेउका होटल तथा पसलमा चर्को मुल्य तिर्न बाध्य छन् । मौसमी अनुगमनका कारण तरकारी, फलफुल लगायत खाद्य वस्तुमा अत्याधिक मात्रामा किटनाशक औषधीको प्रयोग र अखाद्य बस्तुको मिसावट बढ्दा उपभोक्ताको स्वास्थ सम्बन्धी समस्या बढ्दो छ । कानुनी ज्ञानको अभाव तथा स्थानीय न्यायीक निकायका काम कर्तब्यको बारेमा जानकारी नहुँदा ग्रामिण भेगबाट घरेलु हिंसाको घटनाका पीडित अझै सदरमुकाम स्थित जिल्ला प्रहरी कार्यालय आउन बाध्य छन् ।

प्रदेश अर्न्तगत सबैजसो कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी रहेको विभिन्न जिल्ला कारागारमा गरिएको अनुगमनका क्रममा पाइयो । क्षमता भन्दा बढी कैदी बन्दी भएका कारण कारागारमा खानेपानी, शौचालय र कैदी बन्दीलाई सुत्ने ठाउँको अभाव, स्वच्छ खानेपानीको अभाव रहेको अनुगमनका क्रममा पाइयो । सरकारले दिँदै आएको दैनिक भत्ता र सिदा न्युन रहेकोका कारण उनीहरू कठिन रूपमा जीवन जिउन बाध्य रहेको देखियो । जिल्लामा अल्पकालिन सुरक्षित गृहहरू नहुँदा हिंसा पीडित महिला र बालबालिकालाई न्याय प्राप्त गर्न र पुर्नस्थापनाका लागि समस्या रहेको पाईयो ।

**शिव खकुरेल**
संयोजक
इन्सेक गण्डकी प्रदेश पोखरा

# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटना

(०७४ पुस १७ तदनुसार जनवरी २०१८ देखि हालसम्मको मानवअधिकारको अवस्था)

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### गिरफ्तार

### राज्य पक्षबाट

**पर्वत**

गैरकानुनी रूपमा थुना परेका नेत्र विक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको विद्यार्थी संगठन अखिल क्रान्तिकारी म्याग्दीका अध्यक्ष सम्राट सापकोटा ०७५ असार ६ गते थुनामुक्त भए । जेठ १८ गते पर्वतको फलेवासमा भएको डोजरमा आगजनी घटनामा संलग्न भएको आरोपमा प्रहरीले उनलाई जेठ २६ गते गिरफ्तार गरेको थियो । उनलाई गैर कानुनी थुनामा राखिएको भन्दै उच्च अदालत पोखरा, बागलुङ्ग इजलासमा परेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दाको सुनुवाइ गर्दै अदालतले असार ६ गते रिहा गर्न आदेश दिएको हो । सार्वजनिक अपराध मुद्दामा दुई पटक म्याद थप गरेर राखिएका सापकोटालाई सात दिनमा जिल्ला प्रशासनमा बुझाउनु पर्नेमा ३५ दिन म्याद थप गरेर हिरासतमा राख्नु गैरकानुनी काम भएको अदालतको आदेशमा उल्लेख छ । नेपाल कम्युनिष्ट पार्टी पर्वतका सेक्रेटरी ढकबहादुर क्षेत्री पनि सोही आरोपमा प्रहरी हिरासतमा रहेका थिए । पर्वतको फलेबास नगरपालिकामा सडक चौडा पार्न प्रयोग गरिएको स्काभेटरमा आगजनी गरेको, मोदी हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको २० मेघावाट क्षमताको तल्लो मोदीखोला जलविद्युत आयोजनाको कुस्मा नपा-७ परादीमा रहेको कार्यालयमा बम राखेको लगायतका घटनामा संलग्न रहेको आरोपमा प्रहरीले उनीहरूलाई जेठ २६ गते गिरफ्तार गरेको थियो ।

### कुटपिट

**कास्की**

पुनर्वहालीको माग राख्दै आन्दोनरत् सामाजिक परिचालकहरू माथि प्रहरीले भदौ १३ गते पोखरामा लाठिचार्ज गरेको छ । जिल्ला प्रशासन कार्यालय, कास्की अगाडि आन्दोलन गरिरहेका सामाजिक परिचालक माथि प्रहरीले लाठिचार्ज गर्दा चारजना सामाजिक परिचालक घाइते भए । टाउकोमा गम्भीर चोट लागेका घाइतेहरूको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको नेपाल सामाजिक परिचालक कर्मचारी सङ्घ, गण्डकी प्रदेश अध्यक्ष पिताम्बर नेपालीले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयले भने आन्दोलनरत् परिचालकले आदेश अवज्ञा गरेका कारण घटना भएको प्रतिक्रिया दियो ।

### गैरराज्य पक्षबाट

### बम विष्फोट

**कास्की**

विप्लव नेतृत्वको नेकपा माओवादीले २०७४ फागुन ८ गते घोषणा गरेको नेपाल बन्दका क्रममा पोखरा-लेखनाथ मनपा-१४ स्थित विजयपुरमा बम विष्फोट हुँदा ड्यूटीमा रहेका वडा प्रहरी कार्यालय रामबजारमा कार्यरत प्रहरी जवान कुलबहादुर खत्री र रिपोर्टिङमा गएका पोखरा स्थित रेडियो गण्डकीका स्टेशन मेनेजर तथा गण्डकी टेलिभिजनका संवाददाता ३५ वर्षीय घनश्याम पाण्डे छर्रा लागेर घाइते भए । घाइते दुवैजनाको सोही दिन गण्डकी मेडिकल कलेजमा उपचार भयो । विष्फोटको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही दिन प्रहरीले नेपाल कम्युनिष्ट पार्टी बिप्लवका दुइजना कार्यकर्तालाई गिरफ्तार गर्‍यो । गिरफ्तार हुनेमा अखिल नेपाल क्रान्तिकारी किसान संघ कास्कीका जिल्ला अध्यक्ष ४२ वर्षीय पुष्प कार्की र अखिल नेपाल क्रान्तिकारी निर्माण मजदुर संघका ४५ वर्षीय खड्कबहादुर राई रहेका थिए । गिरफ्तार भएका व्यक्तिलाई विष्फोटक पदार्थ ऐन अर्न्तगत मुद्धा दर्ता गरी जिल्ला अदालतबाट म्याद थप गरी जिल्ला अदालत पेश गरेकोमा २०७४ चैत २ गते धरौटीमा रिहा भए ।

## बाल अधिकार

### बलात्कार पछि हत्या

**कास्की**

पोखरा मनपा-२२ पुम्दीभुम्दीकी १० वर्षीया बालिका श्रेया बिक(सुनार) को २०७५ असोज ९ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने २७ वर्षीय कुसुम पौडेललाई गिरफ्तार गर्‍यो । पोखरा मनपा-२२ स्थित मामाघर बस्दै आएकी मृतक बिकको असोज ९ गते घर भन्दा ५० मिटरको दुरीमा झाडीमा शव फेला परेको थियो । आरोपित पौडेललाई प्रहरीले असोज ९ गते राति नियन्त्रणमा लिएर असोज १० गते सार्वजनिक गरेको थियो । पीडितको स्वास्थ परिक्षण असोज १० गते पोखरा स्वास्थ बिज्ञान प्रतिष्ठानमा सम्पन्न भएको थियो । घटनाका आरोपित आरोपित असोज २३ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन् ।

**पर्वत**

१६ वर्षीया बालिकालाई सामूहिक बलात्कार गरेको कसुरमा पर्वतको कुश्मा नपा-१ पाङ सहस्रधाराका २३ वर्षीय शिशिर क्षेत्रीलाई जिल्ला अदालतले १० वर्ष कैद सजायको फैसला सुनायो । न्यायाधीश सुर्यबहादुर थापाको इजलासले क्षेत्रीलाई

असोज १७ गतेको फैसलाले १० वर्ष कैद सजाय सुनाएको हो । पीडित बालिकालाई क्षेत्री, १७ वर्षीय दुई जना बालक र न्यू सेवा गेष्ट हाउसका सञ्चालक ३८ वर्षीय शेरबहादुर हमालले ०७४ चैत १५ गते बलात्कार गरेको आरोपमा सोही दिन चारै जना आरोपितलाई प्रहरीले गिरफ्तार गरेको थियो । क्षेत्रीलाई मुलुकी ऐन अन्तर्गत कसुर ठहर गरी पाँच वर्ष र साङ्गठनिक अपराधमा संलग्न रहेको ठहर गरी पाँच वर्ष गरी १० वर्ष कैद सजाय सुनाइएको हो । उमेर नपुगेका दुई जना बालकमध्ये एक जनालाई पाँच वर्ष र एक जनालाई डेढ वर्ष सुधारगृहमा राख्ने गरी फैसला गरिएको छ । अदालतले होटल सञ्चालक हमाललाई भने सफाई दिएको छ ।

## महिला अधिकार

### बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

**पर्वत**

९० वर्षीया अपांगता भएकी बृद्धालाई घरमै बसिरहेको अवस्थामा २०७५ वैशाख ५ गते बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्वतले मोदी गाउँपालिका-३ बस्ने १९ वर्षीय शंकर परियारलाई ०७५ वैशाख ६ गते गिरफ्तार गऱ्यो । पीडित बृद्धको पर्वत जिल्ला अस्पतालमा स्वास्थ्य परिक्षण भयो । आरोपित परियारले बलात्कार गरेको कसुरमा जिल्ला अदालतले असार २४ गते ११ वर्ष कैद सजायको फैसलाका साथै ३० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो ।

## परिवारजनबाट हत्या

**कास्की**

मादी गाँउपालीका -०५ का ४३ वर्षीय एक बहादुर विकले पत्नी ४७ वर्षीया गौमाया बिकलाई ०७४ माघ २९ गते राती चिरपट दाउरा टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले आरोपितलाई फागुन १ गते गिरफ्तार गऱ्यो । मादक पदार्थ सेवन गरी पतिले दाउरा प्रहार गरी पत्नीको हत्या गरेको आफन्तले फागुन १ गते थाहा पाएपछी प्रहरीलाई खबर गरेका थिए । मृतक शवको पोस्टमार्टम फागुन २ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो । २०७५ असार ३ गते जिल्ला अदालतले आरोपितलाई दोषी ठहर गर्दै सर्वस्व सहित जन्मकैदको फैसला गऱ्यो ।

## कथित बोक्सीको आरोप

**गोरखा**

धार्चे गाउँपालिका-६ काशिगाउँमा एक परिवारका आमा छोरीलाई कथित बोक्सीको आरोप लगाएको भन्दै प्रहरीले सोहि ठाउँका २६ वर्षीय रोशन गुरुङलाई २०७५ साउन २६ गते गिरफ्तार गऱ्यो । स्थानीय ५२ वर्षीय भिम गुरुङको कथित बोक्सीका कारण मृत्यू भएको भन्दै रोशनले अफवाह फैलाएको र गाउँ निकालाको धम्की दिएको भनि पीडित भएको भन्दै न्यायका लागि पीडित पक्षले साउन २० गते जिल्ला प्रहरी कार्यालय, गोरखामा उजुरी दिएका थिए । जिल्ला अदालतले भदौ ४ गते आरोपित रोशनलाई एक लाख धरौटी बुझाई तारेखमा रिहा गर्ने आदेश दियो ।

## जातीय विभेद

**तनहुँ**

व्यास नपा-६ सिसाघाटकी ४० वर्षी सीता विकलाई सोही ठाउँकी शारदा नागिलाले २०७५ असार २ गते दलित भएको भन्दै विभेद गरिन् । शारदाको खेत अधियाँ गर्दै आएकी सीतालाई शारदाले आफूहरू ससुराको किरियामा बसेको बेला दलितहरूसँग बोल्न नहुने भन्दै विभेद गरेको सीताले बताईन् । खेतमा काम गर्न हुने कि नहुने भनेर शारदासँग सोधेकी सितालाई शारदाले सो प्रतिक्रिया दिएको पीडितको भनाई छ । सिताले घटना स्थानीय दलित अगुवाहरूलाई सुनाएपछि १३ दिनको काजकिरिया सकिएपछि सार्वजनिक छलफलमा स्थानीय सुर्यप्रसाद घिमिरे, गणेशप्रसाद नागिला सुर्य रानाभाट, खुशीराम ढौनिया लगायतले किरियामा दलितहरूसँग बोल्न नहुने चलन आफूहरुको परम्परादेखिकै प्रचलन रहेकोले आफ्नो परम्परा मान्न पाईने जिकिर गरेका थिए । स्थानीय गैरदलित समुदायले किरियाको समयमा दलितमाथिको विभेद आफुहरुको परम्परा भएको बताएपछि दलित समुदायले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । साउन ९ गते व्यास नपा-६ सिसाघाटमा आयोजित सार्वजानिक भेलामा घटनाका दोषीहरूले गण्डकी प्रदेशका सांसद डोवाटे विकको रोहबरमा पीडित दलित समुदायसँग माफी माग्दै आईन्दा गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनाएपछि दुवैपक्षबीच मिलापत्र भएको थियो ।

## स्वास्थ्यको अधिकार

**कास्की**

अस्थाई कर्मचारीलाई स्थायी गर्नुपर्ने, १ सय ८० दिन सञ्चित बिदा पाउनुपर्ने, युनियन र कर्मचारी बिच विगतमा भएका सम्झौता कार्यान्वयन हुनुपर्ने लगायतका ५ बुँदे माग राखी धर्नामा रहेका कर्मचारी विरूद्ध उपचार गर्न आएका बिरामीका आफन्तले विरोध गरेपछि पोखरा-लेखनाथ-मनपा ११ स्थीत मणिपाल शिक्षण अस्पतालका कर्मचारी र प्रहरीबिच ०७४ चैत १९ गते झडप भयो । झडपमा ७ जना प्रहरी र ५ जना अस्पतालका कर्मचारी गरी १२ जना घाइते भए ।

घाइते हुनेमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू बिपिन थापा मगर, गोविन्द राजकोटी, गम बहादुर थापा, रुपलाल थापा, यमुना राजकोटी, अन्जना घर्ति मगर र तुलसा पोखेल रहेका छन् । घाइते प्रहरी सबैको सोही दिन फिस्टेल अस्पताल र गण्डकी मेडिकल कलेजमा सामान्य उपचार पछि घर फर्किएको जिल्ला प्रहरी कार्यालयले जनायो । सोही दिनको झडपमा परेर कर्मचारी तर्फ राजबहादुर घर्ति, कर्ण

बहादुर केसी, पार्वति प्रधान, पार्वति गुरुङ र अमर गुरुङ घाईते भए । उनीहरूको सोही दिन मणिपाल शिक्षण अस्पतालमानै उपचार भएको सोही अस्पतालकी नर्स रमा ढकालले बताइन् । सो झडपको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चैत १९ गते १८ जना आन्दोलनरत् कर्मचारीलाई गिरफ्तार गर्‍यो । गिरफ्तार पर्नेमा नवराज भण्डारी, अमृत पौडेल, रमेश बोहोरा, नारायण बास्तोला, जिवन थापा, सुजन कुमार ठाकुर, जनार्दन बास्तोला, रामकृष्ण गायक, राजेश ताण्डुकार, इन्द्र बहादुर थापा, अमृत बहादुर गुरुङ, सोभित बहदुर गुरुङ, राजेन्द्र पौडेल, काली बहादुर विक, राधा नेपाली, आइत कुमारी परियार, देवी थापा र सुस्मिता गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयले जनायो । झडपपछि अस्पतालको झ्यालको सिसा र पर्खालमा समेत क्षति पुगेको प्रहरीले जनायो । गिरफ्तार परेका सबैलाई प्रहरीले सोहि दिन रिहा गर्‍यो । त्यस्तै ०७४ चैत १९ गते अस्पताल प्रशासन र मेडिकल कलेजका कर्मचारी बिच पहिलो चरणको वार्ता भयो । वार्तामा प्रशासनले आन्दोलनरत् कर्मचारीसंग माफी माग्नुका साथै झडपका क्रममा घाइते कर्मचारीलाई अस्पतालले निःशुल्क उपचार गर्ने बताएको थियो ।

अस्पताल फार्मेसीमा अनियमितता भएको भन्दै फार्मेसीमा कार्यरत ४ जना कर्मचारीलाई अस्पताल प्रशासनले पत्र काटी सेवाबाट हटाएको घटनाको विरोधमा मणिपाल शिक्षण अस्पताल बन्द हुँदा मणिपाल शिक्षण अस्पतालको सेवा ११ दिनसम्म अवरूद्ध भयो । अस्पताल प्रशासनले कर्मचारी हटाएको जानकारी दिएपछी अस्पताल प्रशासन संग निशर्त कर्मचारी रिहाई र बिगतमा भएका सम्झौता कार्यन्वयनको माग गरी मणिपाल कर्मचारी समन्वय समिति, अखिल नेपाल स्वास्थ्य श्रमिक संघ, मणीपाल स्वतन्त्र कर्मचारी युनियन, नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियनले संयुक्त विज्ञप्ति प्रकाशन गर्दै २०७५ जेठ ८ गतेबाट आन्दोलन थालेका थिए । कर्मचारी युनियनको आन्दोलनका कारण आकस्मिक बाहेकका सबै सेवा ११ दिनसम्म ठप्प हुँदा से वाग्राही प्रभावित भए । बन्द रहेको मणिपाल अस्पतालका आन्दोलनरत् कर्मचारीहरू न्यायका लागि अदालत जान तयार भएपछि जेठ १८ गतेबाट सुचारू भयो । सामाजिक विकास मन्त्रालय, मानव अधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी तथा सरोकारवाला सबैको पहलमा पटक पटक अस्पताल प्रशासन र आन्दोलनरत् कर्मचारी बिच बैठक बसी अन्त्यमा सहमति जुटेको थियो ।

# प्रेस विज्ञप्ति

**शान्तिका लागि नागरिक समाजको सञ्जाल**
कास्की, पोखरा

**प्रेस विज्ञप्ति**

मिति : २०७४ फागुन ८ गते

नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहले २०७४ फागुन ८ गतेका लागि आह्वान गरेको नेपाल बन्दका क्रममा पोखरा-लेखनाथ मनपा-१४ स्थित विजयपुरखोला पुलमा फेला परेको बमका बारेमा समाचार सङ्कलनका लागि गएका गण्डकी टेलिभिजनका घनश्याम पाण्डे र अस्थायी प्रहरी चौकी चाउथेमा कार्यरत प्रहरी जवान कुलबहादुर खत्री बम विष्फोटमा परी घाइते भएको घटनाप्रति हाम्रो ध्यानाकर्षण भएको छ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । गत फागुन ६ गते विराटनगरमा गिरफ्तार गरिएका आफ्ना कार्यकर्ता रिहाइको माग गर्दै नेपाल कम्युनिष्ट पार्टीले बन्दको आह्वान गरेको थियो ।

नेपालको संविधानतथाकानुनहरूले स्वतन्त्रतापूर्वक पेशाव्यवसाय सञ्चालनगर्न पाउने, बिना रोकतोक आवतजावतगर्न पाउने अधिकार सुरक्षित गरेको छ ।

बिना अवरोध समाचार सङ्कलन गर्न पाउने सञ्चारकर्मीको अधिकारको सम्मान गर्न सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँछौं । सार्वजनिक स्थानमा बम राखी आतंक सृजना गर्ने समूहलाई पहिचान गरी घटनामा संलग्न दोषीलाई कानुनीदायरामाल्याउनतथा घाइतेहरूको निःशुल्कउपचारको व्यवस्थामिलाउन स्थानीयप्रशासनसँगआग्रहगर्दछौं । आगामीदिनमा यस्ता गतिविधिनदोहोर्‍याउन समेत सबै पक्षसंग अनुरोध गर्दछौं ।

| | |
|---|---|
| टेकनाथ वराल | बरिष्ठ मानवअधिकारकर्मी |
| विष्णुप्रसाद वराल | संयोजक, शान्तिकालागिनागरिक समाजको सञ्जाल, पोखरा |
| शिवप्रसाद खकुरेल | संयोजक, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पोखरा कार्यालय |
| रामचन्द्र पौडेल | अध्यक्ष, मानवअधिकार एलाईन्स, कास्की |
| जानकी शर्मा | अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, कास्की |
| सरलाकुमारी पाण्डे | अध्यक्ष, मानवअधिकार रक्षक संरक्षण तथा प्रबर्द्धन केन्द्र, कास्की |

**शान्तिका लागि नागरिक समाजको सञ्जाल**
कास्की, पोखरा

**प्रेस विज्ञप्ति**

मिति : २०७५ जेठ १६ गते

पोखरालेखनाथ महानगरपालिका ११ स्थित फुलबारीमा संचालित मनिपाल शिक्षण अस्पतालको बहिरंग बिभाग (ओपिडी) २०७५ जेठ ८ गतेबाट बन्द छ । यसबाट अस्पतालमा स्वास्थ्य उपचारका लागि आएका बिरामीहरु उपचार सेवाबाट बन्चित भएको देखियो । स्वास्थ्य उपचार नागरिकको मौलिक हकहो । राज्यले अत्यावस्यक सेवा भित्र पर्ने स्वास्थ्य सेवा सुचारु गराउनु पर्नेमा आज नवौ दिनसम्म पनि अस्पतालको सेवा नियमित नहुनुले हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान, २०७२ को धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि स्वास्थ्य सेवाबाट बञ्चित नगरिने उल्लेख छ भने धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने उल्लेख छ । त्यसैगरी, नेपाल पक्ष राष्ट्र भएको संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १२ ले बिरामी भएको अवस्थामा सबैलाई चिकित्सकिय सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाको सृजना गर्न आवश्यक कदम चाल्नकोलागि राज्यलाई दायित्व सुम्पिएकोछ ।

स्वास्थ्यको अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रावधान र अनुगमनबाट प्राप्त तथ्यहरुलाई विश्लेषण गर्दा स्वास्थ्य सेवा जस्तो संवेदनशिल विषयमा आन्दोलनका कारण दैनिक सयौं बिरामीहरु अलपत्र पर्नुका साथै आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकबाट वञ्चित भएको अवस्था पाईयो । अस्पतालबाट निष्कासित कर्मचारीले कानूनी उपचार प्राप्त गर्ने अन्य उपायहरु हुँदाहुँदै आन्दोलनको माध्यमबाट माग पूरा गराउने प्रयत्न गरेको देखिन्छ । यसबाट नेपालको संविधान, २०७२ को धारा ३५ द्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक, धारा ४४ द्वारा प्रदत्त उपभोक्ताको हक एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १२ द्वारा प्रदत्त स्वास्थ्यको अधिकार कुण्ठित हुनजान्छ ।

पटक पटक आन्दोलनका कारण मनिपाल शिक्षण अस्पताल बन्द हुँदा आम नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक वञ्चित हुन गएको सम्बन्धमा अस्पताल प्रशासन गम्भीर हुनुपर्ने हो । त्यस तर्फ समेत दृष्टिगत गर्दै अस्पताल सुचारु गरी आम नागरिकको स्वास्थ्य सम्बन्धी हकको प्रत्याभूत गर्न संबन्धित निकायसंग जोडदार माग गर्दछौं । साथै आन्दोलनरत पक्षलाई आफूलाई चित्त नबुझेको विषयमा वैकल्पीक बाटो अबलम्बन गरी तत्काल अस्पताल सुचारु गर्न र स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्ने वातावरण तयार गरी नागरिकको मानवअधिकारको सम्मान गर्न ध्यानाकर्षण गराउदछौं ।

**सञ्जालको तर्फबाट**

| | |
|---|---|
| विष्णुप्रसाद वराल | संयोजक, शान्तिका लागि नागरिक समाजको सञ्जाल, पोखरा |
| पदमराज पहारी | अध्यक्ष, गैससमहासंघ नेपाल, कास्की |
| शिवप्रसाद खकुरेल | संयोजक, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),पोखरा कार्यालय |
| कमलप्रसाद अर्याल | अध्यक्ष , मानवअधिकार संरक्षण मञ्च, कास्की । |
| रामचन्द्र पौडेल | अध्यक्ष, मानवअधिकार एलाईन्स, कास्की |
| जानकी शर्मा | अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, कास्की |
| गिरधारी सुवेदी | संयोजक, सयपत्री समाज, कास्की |
| ढाकाराम पौडेल | उपाध्यक्ष, मानवअधिकार रक्षक संरक्षण तथा प्रर्वद्धन केन्द्र, कास्की |
| राजेश पराजुली | अध्यक्ष, मानवअधिकार पत्रकार संघ (हुर्जा),कास्की |
| श्यामनाथ कुँवर | संयोजक, मानवअधिकार निगरानी समुह, कास्की |

# पत्रपत्रिकामा इन्सेक

समाधा दैनिक २०७४ फागुन ८ गते

## ‘कानुनी शासनमा शान्ति र समृद्धि’



नागरिक दैनिक Wednesday 1 August 2018, बुधबार १६ साउन २०७५ nagariknews.com

## यौनहिंसापीडित किशोरीलाई सहयोग

आदर्शसमाज दैनिक २०७५ मंसिर १ गते

## आमाको नामबाट नागरिकता पाउन रिट दायर

## बलात्कार घटना दबाबमै ढाकछोप

INSECOnline HUMAN RIGHTS..... A WINDOW TO NEPAL

हाम्रो बारे । सल्लाह सुझाव । सम्पर्क

मङ्गलबार, मंसिर ११, २०७५

इन्सेक गतिविधि | फिचर | विचार मञ्च | अन्तर्वार्ता | जनमत | मानवअधिकार प्रतिवेदन | विश्लेषण | माइन प्रतिवेदन | प्रेस विज्ञप्ति

## इन्सेकको पहलमा आमाको नामबाट नागरिकताका पाउन रिट दायर

कास्की | ०७५ कात्तिक ३० गते

पोखरा महानगरपालिका–९ का १७ वर्षीय रोशन गुरुङले आमा कन्याकुमारी गुरुङको नामबाट नागरिकता पाउँ भनी उच्च अदालत पोखरामा कात्तिक ३० गते रिट दायर गरेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को परामर्श र पहलमा गुरुङले जिल्ला प्रशासन कार्यलय कास्कीलाई प्रतिवादी बनाई रिट दायर गरेका हुन् ।

गुरुङले ०७४ कात्तिक १२ गते जिल्ला प्रशासन कार्यलय कास्कीमा बावु बेपत्ता भएका कारण आमाको नामबाट नागरिकता पाउँ भनी निवेदन दिएका थिए । तर, प्रशासकीय अधिकृत गुरुदत्त ढकालले बावुको नागरिकता नभएको भन्दै सङ्घीय कानुन बमोजिम हुने हुँदा सोही बमोजिम निवेदकलाई जानकारी गराइदिनु भनी निवेदन फिर्ता पठाइदिएका थिए ।

‘म जस्ता आमाको नामबाट नागरिकता लिन चाहाने नेपाली नागरिकहरूले आफ्नै देशमा आफ्नो पहिचानको अधिकारबाट वञ्चित भई राज्यविहीन अवस्थामा बाँच्न बाध्य भएको हुनाले आफ्नो मौलिक हक तथा अधिकार प्रचलन गराउन सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।’–रिटमा उल्लेख छ ।

नागरिक दैनिक पश्चिमेली २०७५ असोज १०

## ‘पत्रकारको आर्थिक अवस्था सुरक्षित हुनु अपरिहार्य’



समाधान ०७५ साउन २३

## बालिकालाई काममा लगाउने कारबाहीमा

पोखरा, २२ साउन (समाधान)- लामाचौरको इन्जिनियरिङ कलेजको पश्चिमाञ्चलको क्यान्टिनमा विगत १७ महिनादेखि बाल श्रममा लगाउँदै आएका विजय अर्यालले १ लाख ७० हजार रुपैयाँ श्रमको मूल्य र ५ हजार रुपैयाँ जरिवाना तिरेका छन् ।

श्रम कार्यालयका प्रमुख अधिकृत भरत काफ्लेका अनुसार उनले गुल्मीकी १ बालिकालाई न्यूनतम पारिश्रमिक पनि नदिई काममा लगाउँदै आएका थिए । श्रम ऐन अनुसार न्यूनतम पारिश्रमिक तोकेर बालिकालाई उपलब्ध गराइएको हो । उनका अनुसार महिनाको ९ हजार ७ सयका दरले बालिकाले पारिश्रमिक पाएकी छन् ।

बाल अधिकारका स्रोत व्यक्ति बद्री वाग्ले, मानव अधिकारकर्मी, इन्सेक, श्रम कार्यालय, पोखरा उद्योग वाणिज्य संघ बाल संरक्षण केन्द्र लागायतले बालिकालाई गत १७ गते उद्धार गरेका थिए ।

# इन्सेकको पहलमा सेती परियारले विवाह गरेको १७ वर्षपछि पाइन् नागरिकता

पर्वत | ०७५ कात्तिक २९ गते

नागरिकता प्रमाणपत्र दिन पतिले इन्कार गर्दा पर्वतको जलजला गाउँपालिका–७ धाइरिङ्की ३४ वर्षीया सेती परियारले विवाह गरेको १७ वर्षपछि नेपाली नागरिकताको प्रमाणपत्र पाएकी छिन् ।

३२ वर्षीय पति गोविन्द दमाईबाट पालन पोषण र रेखदेखमा सहयोग नगरी घरेलु हिंसा खेप्दै आएकी परियारले कात्तिक २९ गते विहिबार जिल्ला प्रशासन कार्यालय पर्वतबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी हुन् ।

नेपाली नागरिकता प्रमाणपत्र नहुँदा विभिन्न अवसरबाट वञ्चित भएकी सेती परियारलाई उनका ससुरा ठूले परियारले सनाखत गर्दै नागरिकता प्रमाणपत्र दिलाउन सहयोग गरेका हुन् ।

पीडित सेती परियारले आफू पतिबाट पीडित भएको र नेपाली नागरिकता समेत पाउन नसकेको भन्दै ०७५ कात्तिक ८ गते इन्सेक पर्वत जिल्ला प्रतिनिधि समक्ष सहयोगका लागि निवेदन पेश गरेकी थिइन् ।

उनको निवेदनको आधारमा जलजला गाउँपालिका–७ धाइरिङ्का वडा अध्यक्ष टुङ्गनाथ शर्मासमक्ष सिफारिस दिलाउन पहल गर्नुका साथै प्रमुख जिल्ला अधिकारी गुरूदत्त ढकालसमक्ष पटक टक नागरिकता दिलाउन आग्रह गरिएको इन्सेक प्रतिनिधि सन्तोष थापाले जानकारी दिए ।

थापाका अनुसार जिल्ला प्रशासन कार्यालय पर्वतले सेती परियारलाई कात्तिक २९ गतेको मितिमा नेपाली नागरिकता प्रमाणपत्र जारी गरी प्रमाणपत्र प्रदान गरिएको छ । नागरिकता प्राप्त गरेपछि परियारले आफ्नो अधिकार खोज्ने ढोका खुलेको बताएकी छिन् ।

# इन्सेक गतिविधि



















मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
गण्डकी प्रदेशद्वारा प्रकाशित
सल्लाहकार : शिव खकुरेल, संयोजन/सम्पादन : सुमित्रा भट्टराई
विशेष सहयोगी : सवनम शर्मा, व्यवस्थापक : मधु पन्थी, फोटो : इन्सेक जिल्ला प्रतिनिधि
पोखरा–लेखनाथ मनपा–७, जनप्रिय मार्ग, फोन : ०६१–४६५५१२, फ्याक्स : ०६१–४६३४९२
**Email:** pokhara@insec.org.np , **Website:** insec.org.np
मुद्रक : ओजन अफसेट प्रेस, पोखरा